# नेपाल गजेट

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ११ ] काठमाडौं मार्ग १ गते २०१८ साल [ अतिरिक्ताङ्क २७


श्री ५ को सरकार,

कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाईबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०१८ सालको ऐन नं. २२

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपाल तारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐरामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फील्ड मार्शल र सर्वोच्च कम्याण्डर इन–चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्ग देवानाम् सदा समरविजयिनाम्।

### सरकारी मुद्दा सम्बन्धी ऐनलाई संशोधन गर्न बनेको ऐन

सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ (यस पछि "मूल ऐन" भनिएको) लाई संशोधन गर्न आवश्यक भएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान-को धारा ५५ अनुसार यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "सरकारी मुद्दा सम्बन्धी (संशोधन) ऐन, २०१८" रहेको छ ।

(२) यो एन न्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा ३ मा संशोधनः– मूल ऐनको दफा ३ को उपदफा (२) को अन्त्यमा निम्नलिखित प्रतिबन्धात्मक वाक्यांश थपिएको छः—

"तर—

(क) अनुसूची १ मा लेखिएको कुनै अपराध कुनै पुलिस कर्मचारीको उपस्थितिमा हुन आएमा वा अन्यत्र घटित भई सो अपराधसंग सम्बन्धित व्यक्ति वा वस्तु तत्काल भागी उम्की जाने वा सडी गली जाने सम्भावना भएमा कम्तीमा सब-इन्सपेक्टर दर्जासम्मका पुलिस कर्मचारीले पब्लिक "सिक्यूटर नभए पनि त्यस सम्बन्धमा मौका तहकिकात वा सरजमीन सक्तछ ।

(ख) सो मोजिम पुलिस कर्मचारीले मात्र मौका तहकिकात वा सरजमीन गर्दा पब्लिक प्रसिक्यूटर नभए पनि अपरझट कारवाइ गर्नुपरेको अवस्था-समेत देखाई सम्बन्धित फाइलमा जनाईराख्ने गर्नुपर्छ र मुचुल्कामा अरू व्यक्तिका अतिरिक्त पञ्चायत वा नगरपालिका खुलेका ठाउँमा यत वा नगरपालिकाको कम से कम एक सदस्य र अन्यत्र स्थानीय जिमिदार , पटवारी, तालुकदार, जिम्मावाल, राई, पगरी, मिझार, थरी, सरकारी मान्यता प्राप्त कुन स्थानीय सार्वजनिक संस्थाको सदस्य, जङ्गी वा निजामती तर्फको कुनै स्थानीय सरकारी कर्मचारी यति मध्य कमसेकम एक जना राख्ने गर्नुपर्छ ।"

३. मूल ऐनको दफा ३ मा संशोधनः– मूल ऐनको दफा ३ को उपदफा (३) मा रहेको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएकोछः–

"तर–

(१) त्यस्तोमा कुनै प्रकारको सजाय दिने अधिकारको प्रयोग ौका तहकि-कात वा सरजमीन गर्ने पुलिस कर्मचारी तथा पब्लिक प्रसिक्यूटरले गर्ने छैनन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) मुलुकी ऐन ज्यान सम्बन्धीको महलको २ नं. मा लेखिए बमोजिमको अवस्थामा चौधरी, जिमीदार, तालुकदार, अमाली, मिझार, राई, पगरी भए निजहरूले र निजहरू नभए निजहरूको मुखतार वा पटवारीले र निजहरू पनि नभए जिनहरू मुनिका कर्ता कारोवारी थानी थरीले लास जांच गर्ने सम्बन्धमा पाएको अधिकारलाई यस दफाले बाधा पुऱ्याएको मानिने छैन र त्यस्तो लास जांचको कागत, दरखास्त र अरू बुझिएसम्मको ब्यहोरा लेखी इलाका पुलिस थाना, चौकीमा बुझाइ दिनुपर्छ ।

४. मूल ऐनको दफा ३ मा संशोधनः– मूल ऐनको दफा ३ को उपदफा (५) मा देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्यांश थप्नेः––

"तर अभियुक्तलाई हाजिर जमानीमा छाड्ने वा नछाड्ने कुराको सम्बन्धमा पुलिस र पब्लिक प्रसिक्यूटरको बीच राय बाझिएमा अदालत छेउ दुवैको राय पठाई आदेश भए बमोजिम गर्नुपर्छ ।"

५. मूल ऐनको दफा ६ मा संशोधनः– मूल ऐनको दफा ६ को उपदफा (१) को सट्टा निम्नलिखित उपदफा (१) राखिएको छः–

"(१) श्री ५ को सरकारले गरेको काम कारवाइका सम्बन्धमा नालेश वा उजर गर्दा श्री ५ को सरकारलाई पक्ष बनाउनु पर्छ ।"

६. मूल ऐनको दफा ७ मा संशोधनः– मूल ऐनको दफा ७ को उपदफा (४) कोसट्टा निम्नलिखित उपदफा (४) राखिएको छः–

"(४) अनुसूची १ मा लेखिएको मुद्दामा पक्राउ भएको व्यक्तिलाई बाटाको म्याद बाहेक चौबीस घण्टाभित्र पुलिसले पब्लिक प्रसिक्यूटर मार्फत अधिकार प्राप्त अदालतमा उपस्थित गरी सो व्यक्तिलाई आफ्नो हिरासतमा राखेर तहकिकात कारवाइ पूरा गर्नका लागि म्याद मागेकोमा अदालतले त्यस बेलासम्म भएको तहकिकात कारवाइ हेर्दा त्यस्तो म्याद थप दिन मनासिब ठहराएमा एक पटकमा सात दिनमा नबढाई र जम्मा पच्चीस दिनसम्म म्याद थप दिन सक्नेछ ।

तर––

(क) त्यस्तो म्याद थपका निमित्त पक्राउ भएको व्यक्तिलाई पहिलो पटक अदालतमा उपस्थित गराउँदा निजको कागज भइसकेको हुनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) त्यसरी म्याद थप भएकोमा सो म्यादसम्म पुलिस हिरासतमा रहेको व्यक्तिका हकमा तहकिकात कारवाइ पूरा गरिसक्नुपर्छ ।

७. मूल ऐनको अनुसूची १ मा संशोधनः– मूल ऐनको अनुसूची १ को क्रमसंख्या ३ र ७ को कुराको सट्टा निम्नलिखित कुरा राखिएको छः–

"(३) कालगति बाहेक अरू किसिमबाट मानिसको ज्यान मरेको ।"

"(७) डांका, रहजनी वा अरू कुनै प्रकारको चोरी (जारी चोरी बाहेक)"

८. बचाउः– नेपाल अधिराज्यको संविधानको धारा ५५ (४) बमोजिम यो ऐन निष्क्रिय भएमा यस ऐनलाई कुनै अर्को नेपाल ऐनले खारेज गरे सरह मानी यस ऐन अन्तर्गत भए गरेको काम कुरामा नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ लागू हुनेछ ।

इति सम्बत् २०१८ साल गते रोज शुभम्

लालमोहर सदर मितिः– २०१८।७।३०।४

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव,
कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ को सरकार,

## कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०१८ सालको ऐन नं. २३

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपाल तारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोरखादक्षिणबाहु महाधिपति फील्ड मार्शल र सर्वोच्च कम्याण्डर इन–चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्ग देवानाम् सदा समरविजयिनाम् ।

## केही नेपाल ऐनहरूमा संशोधन गर्न बनेको ऐन

केही नेपाल ऐनमा संशोधन गर्न आवश्यक भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधानको धारा ५५ अनुसार यो ऐन बनाइबक्सेको छ ।

(८)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "नेपाल ऐन संशोधन गर्ने ऐन, २०१८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. केही नेपाल ऐनमा संशोधनः– देहायका नेपाल ऐनमा देहाय बमोजिम संशोधन गरिएको छः—

(क) मध्येश गोस्वारा ऐन, २०१२ को दफा ८ को खण्ड (घ) मा रहेको "जग्गाको बाली" भन्ने शब्दहरू झिकी त्यसको सट्टा "मालपोत, तिरो पोता" भन्ने शब्दहरू राखिएको छ।

(ख) काठमाडौं उपत्यकाञ्चल कमिश्नर मेजिष्ट्रेटको सवाल, २०११ को दफा ७ को खण्ड (क) को उपखण्ड (३) मा रहेको "जग्गाको बाली" भन्ने शब्दहरू झिकी त्यसको ठाउँमा "मालपोत, तिरो वा पोता" भन्ने शब्दहरू राखिएको छ।

(ग) नेपाल निजामती सेवा ऐन, २०१३ को दफा २ को खण्ड (ग) को आखिरमा रहेको "सम्झनु पर्छ" भन्ने शब्दहरूको अगाडि "समेत" भन्ने शब्दहरू थपिएको छ।

(घ) अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३ को दफा ६ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "दफा ५ को उपदफा (३)" भन्ने शब्दहरू झिकी त्यसको सट्टा "दफा ५ को दोस्रो प्रकरण" भन्ने शब्दहरू राखिएको छ।

(ङ) अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३ को दफा ८ को उपदफा (२) को खण्ड (ख) मा रहेको "उपदफा ५ (३)" भन्ने शब्दहरू झिकी त्यसको सट्टा "दफा ५ को दोस्रो प्रकरण" भन्ने शब्दहरू राखिएको छ।

(च) बिस्फोटक पदार्थ उत्पादन गन, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने र पैठारी गर्ने कामलाई व्यवस्थित गर्न बनेको ऐन, २०१८ को दफा १ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ।

(१) यस ऐनको नाम "बिस्फोटक पदार्थ ऐन, २०१८" रहेको छ।

(छ) विस्फोटक पदार्थ उत्पादन गर्ने, बिक्री गर्ने, प्रयोग गर्ने परिवहन गर्ने र पैठारी गर्ने कामलाई व्यवस्थित गर्न बनेको ऐन, २०१८ को दफा १० को उपदफा (१) को खण्ड (च) पहिलो प्रतिबन्धात्मक वाक्यांश (१)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र (२) दुवैको आखिरमा रहेको "सजाय गरिने छ" भन्ने शब्दहरूको सट्टा "सजाय गरिने छैन" भन्ने शब्दहरू राखिएको छ।

इति सम्बत् २०१८ साल गते रोज शुभम्

लालमोहर सदर मितिः– २०१८।७।३०।४.

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव,
कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०१८ सालको ऐन नं. २४

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपाल तारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फील्ड मार्शल र सर्वोच्च कम्याण्डर इन–चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्ग देवानाम् सदा समरविजयिनाम्।

## त्रिभुवन विश्वविद्यालय ऐनलाई संशोधन गर्न बनेको ऐन

त्रिभुवन विश्वविद्यालय ऐन, २०१६ यस पछि "मूल ऐन" भनिएकोलाई संशोधन गर्न वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधानको धारा ५५ अनुसार यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम त्रिभुवन विश्वविद्यालय (संशोधन) ऐन, २०१८ रहेको छ।

(२) यो ऐन मूल ऐन प्रारम्भ भएको मितिदेखि प्रारम्भ भएको मानिने छ।

२. मूल ऐनको दफा १(३) मा संशोधनः– मूल ऐनको दफा १ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ।

(३) यस ऐनको अरू सबै बाँकी दफाहरू सम्वत् २०१६ साल आषाढ १ गतेदेखि प्रारम्भ हुन छन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. बचाउः– नेपाल अधिराज्यको संविधानको धारा ५५ (४) अनुसार यो ऐन निष्क्रिय भएमा यो ऐनलाई अरू कुनै नेपाल ऐनले खारेज गरे सरह मानी यो ऐन अन्तर्गत भए गरेका कुराहरूमा नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ लागू हुनेछ ।

इति सम्बत् २०१८ साल गते रोज शुभम्

लालमोहर सदर मितिः– २०१८।७।३०।४.

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव,
कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाईबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०१८ सालको ऐन नं. २५

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद् ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फील्ड मार्शल र सर्वोच्च कम्याण्डर इन–चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्ग देवानाम् सदा समर विजयिनाम् ।

## औद्योगिक व्यवसाय ऐनलाई संशोधन गर्न बनेको ऐन

औद्योगिक व्यवसाय ऐन, २०१८ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधानको धारा ५५ अनुसार यो ऐन बनाइबक्सेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।